**पोखरा विश्वविद्यालयको २० औँ दीक्षान्त समारोहको**
**अध्यक्षता गरिरहनुभएका सम्माननीय प्रधानमन्त्री एवम् कुलपति के.पी. शर्मा ओलीज्यू,**
**सहकुलपति माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईज्यू,**
**यस समारोहका प्रमुख अतिथि जोर्ज जोनज्यू,**
**विश्वविद्यालय अनुदान आयोगका अध्यक्षज्यू,**
**पोखरा विश्वविद्यालयका रजिस्ट्रारज्यू,**
**पोखरा विश्वविद्यालयका माननीय विद्वान् सभासद्ज्यूहरू,**
**पोखरा विश्वविद्यालयको प्राज्ञिक परिषद्का विद्वान् प्राज्ञज्यूहरू,**
**पोखरा महानगरपालिकाका प्रमुखज्यू तथा उपप्रमुखज्यू,**
**पोखरा विश्वविद्यालयका परीक्षा नियन्त्रकज्यू,**
**पोखरा विश्वविद्यालयका पूर्व पदाधिकारी तथा पूर्व सभासद्ज्यूहरू,**
**पोखरा विश्वविद्यालयका विभिन्न निकायका कार्यकारी निर्देशक तथा स्कुल निर्देशकज्यूहरू,**
**पोखरा विश्वविद्यालयका सम्बन्धनप्राप्त महाविद्यालयका प्राचार्यज्यूहरू,**
**विशिष्ट अतिथिज्यूहरू,**
**पोखरा विश्वविद्यालय स्थापनाका लागि अनवरत क्रियाशील महानुभावहरू,**
**अभिभावकज्यूहरू,**
**सङ्घ-संस्थाका प्रमुखज्यूहरू,**
**विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरू,**
**नागरिक समाजका अग्रणी महानुभावहरू,**
**पत्रकार मित्रहरू,**
**विश्वविद्यालयका शिक्षक एवम् कर्मचारी मित्रहरू,**
**सम्पूर्ण दीक्षान्त हुने सहभागी विद्यार्थी भाइबहिनीहरू,**

पोखरा विश्वविद्यालयको २० औँ दीक्षान्त समारोहको यस विशेष कार्यक्रममा विश्वविद्यालय परिवारका तर्फबाट म सर्वप्रथम यहाँहरू सबैमा हार्दिक अभिवादन गर्दछु । यहाँहरूको गरिमामय उपस्थितिप्रति हृदयतः कृतज्ञता चढाउँछु र यहाँहरू सबैलाई उच्च सम्मानसहित स्वागत गर्दछु । विशेषतः यस गरिमामय अवसरमा आफ्नो महत्त्वपूर्ण र मूल्यवान् समय दिएर कृतार्थ तुल्याउनु भएकोमा विश्वविद्यालयका कुलपति एवम् सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यू र सहकुलपति एवम् माननीय शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईज्यूलाई आभारसहित हार्दिक स्वागत गर्दछु ।

सबैभन्दा पहिले, म यहाँ दीक्षान्त पोशाकले सुशोभित भएर उपस्थित हुनुभएका र आज दीक्षित हुन लाग्नुभएका तपाईंहरूलाई विश्वविद्यालय परिवारका तर्फबाट हार्दिक बधाई दिन्छु तथा उहाँहरूको उज्जवल भविष्यका लागि शुभकामना व्यक्त गर्दछु ।

तपाईंहरूले आफ्नो परिश्रम, सङ्घर्ष र समर्पणका माध्यमबाट यो ठुलो उपलब्धि हासिल गर्नुभएको छ। यसमा तपाईंका अभिभावक र शिक्षकहरूको मार्गदर्शन र प्रेरणाले महत्त्वपूर्ण भूमिका खेलेको छ भन्ने मलाई लाग्दछ।

पोखरा विश्वविद्यालयले अवलम्बन गरेको शिक्षा प्रणालीले तपाईंलाई केवल ज्ञानको भण्डार मात्र प्रदान गरेको छैन, तपाईंलाई सिर्जनात्मक सोच, समस्या समाधानको क्षमता र व्यवसायिक कौशलता पनि दिएको छ। यस अवसरमा म यहाँ तपाईंहरूमा यस विश्वविद्यालयबाट प्राप्त ज्ञान र सिपलाई समाज र राष्ट्रको समृद्धिमा प्रयोग गर्ने प्रेरणा  जागृत होस् भन्ने कामना गर्दछु। म तपाईंहरूले प्राप्त गरेको ज्ञान, नवाचार र श्रमले समाजलाई सकारात्मक दिशातर्फ उन्मुख गराउने छ भन्ने अपेक्षा राख्दछु। तपाईंहरूलाई यस ऐतिहासिक समारोहमा सहभागी गराउन पाउँदा मलाई अत्यन्त गर्वको अनुभूति भइरहेको छ।

**उपाधि प्राप्त गर्न लाग्नुभएका विद्यार्थी भाइबहिनीहरू,**

आजको यस दीक्षान्त समारोहलाई प्रमुख अतिथिका रूपमा जोर्ज जोनज्यूले सम्बोधन गर्दै हुनुहुन्छ। दीक्षान्त समारोहको आजको यस पावन अवसरमा प्रमुख अतिथि जोर्ज जोनज्यूलाई म पोखरा विश्वविद्यालयको तर्फबाट हार्दिक स्वागत गर्दै उहाँप्रति उच्च सम्मानसहित कृतज्ञता र धन्यवाद ज्ञापन गर्दछु। नेपालको शिक्षा, अनुसन्धान र सामाजिक सेवाका क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्नुभएका उहाँ एक वरिष्ठ र अनुभवी शिक्षाविद् हुनुहुन्छ। उहाँको ज्ञान, अनुभव र मार्गदर्शन विश्वविद्यालय र आजको पुस्ताका लागि प्रेरणादायी छ। उहाँबाट विद्यार्थीहरूलाई उच्च शिक्षा तथा व्यवसायिक जीवनमा उत्कृष्टता हासिल गर्न प्रेरणा मिल्नेछ भन्ने मैले विश्वास लिएको छु।

जोर्ज जोनज्यूको जन्म सन् १९३२ सेप्टेम्बर ७ मा भारतको केरला राज्यमा भएको हो। लामो समयदेखि उहाँ पोखरा-१०, अमरसिंह चोकमा बसोबास गर्दै आउनुभएको छ। प्रारम्भिक शिक्षा भारतमै पूरा गर्नुभएका उहाँले पटना विश्वविद्यालयबाट अङ्ग्रेजी, अर्थशास्त्र, राजनीतिशास्त्र र इतिहासमा स्नातक तथा अङ्ग्रेजीमा स्नातकोत्तर गर्नुभएको छ। पृथ्वीनारायण क्याम्पस तथा पोखरा विश्वविद्यालयको विकास र विस्तारमा उहाँले उल्लेखनीय योगदान पुर्‍याउनु भएको छ। उहाँ शिक्षासँगै समाजसेवाका क्षेत्रमा समेत त्यत्तिकै सक्रिय रहँदै आउनुभएको छ। उहाँले विभिन्न संघ-संस्थाहरूमा रहेर खेल्नुभएको महत्त्वपूर्ण भूमिका अविस्मरणीय छन्। शैक्षिक तथा सामाजिक क्षेत्रमा पुर्‍याउनुभएको महत्त्वपूर्ण योगदानको कदर गर्दै उहाँलाई नेपाल गोरखा दक्षिण बाहु (चौथो श्रेणी), नवरत्न सम्मान (कास्की) तथा सुप्रबल जनसेवा श्री जस्ता प्रतिष्ठित विभूषणबाट सम्मानित हुनु भएको छ।

जोर्ज जोनज्यूको शिक्षाप्रतिको निष्ठा, समर्पण, अटल प्रतिबद्धता, नेतृत्व क्षमता

र समाजसेवाबाट नेपालमा उच्च शिक्षाको गुणस्तर वृद्धि गर्न महत्त्वपूर्ण योगदान पुगेको छ । उहाँबाट पोखरा विश्वविद्यालयका विद्यार्थीहरूले नवीनतम सोच, इमान्दारीता र समाजसेवाका गुण अनुकरण गरी त्यसलाई आफ्नो जीवनपद्धतिमा रूपान्तरण गर्न सक्षम हुनेछन् भन्ने कुरामा म दृढ विश्वस्त छु ।

उहाँले दिनुभएको शिक्षा, मार्गनिर्देशन र जीवनदर्शन हाम्रा विद्यार्थीहरूको उज्ज्वल भविष्य निर्माणका लागि उत्प्रेरक र पथ प्रदर्शक बन्ने छन् । उहाँको योगदानप्रति नतमस्तक हुँदै उहाँप्रति पुनः हार्दिक कृतज्ञता व्यक्त गर्दछु । आजको यस गरिमामय समारोहमा उहाँलाई हार्दिक स्वागत गर्दछु ।

पोखरा विश्वविद्यालयको स्थापनाकालदेखि आजसम्मको २८ वर्षको गौरवशाली यात्रामा यस संस्थाको स्थापना, विकास र संवर्धनमा निरन्तर लागिपर्नुभएका, सद्भाव राख्नुभएका, चिन्तनशील रहनुभएका र सहयोग गर्नुभएका सम्पूर्ण पेशा, क्षेत्र, तह र तप्काका महानुभावहरूलाई आजको यस पावन अवसरमा स्मरणसहित हार्दिक स्वागत गर्दछु । साथै विश्वविद्यालयको प्राज्ञिक, शैक्षिक र भौतिक निर्माणमा निरन्तर सहयोग पुऱ्याउँदै आएको नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग र दातृराष्ट्र तथा दातृ निकायहरूलाई पनि यस पवित्र दिनमा स्मरण गर्दै ती सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

विश्वविद्यालयले उत्पादन गरेका सिपयुक्त र ज्ञानवान जनशक्ति राष्ट्रको पुनःसंरचना, पुनर्निर्माण र विकासका लागि अमूल्य स्रोत हुन् । विश्वविद्यालयबाट प्राप्त ज्ञान र सिपले विद्यार्थीहरूलाई आफ्नो सुनौलो भविष्य निर्माण गर्न मद्दत गर्नुका साथै समाज एवम् राष्ट्रको विकासमा समेत दक्ष र सक्षम जनशक्तिका रूपमा सशक्त र प्रभावकारी भूमिका निर्वाह गर्न पनि सहयोग पुगेको मैले ठानेको छु । स्वदेश र विदेशमा पोखरा विश्वविद्यालयको छविलाई उच्च राख्न सफल हाम्रा प्रतिभाशाली पूर्व दीक्षित विद्यार्थी भाइबहिनीहरूलाई समेत आजको यस गरिमामय समारोहमा स्मरण गर्दछु र हार्दिक धन्यवादसहित उनीहरूको उज्ज्वल भविष्यका लागि शुभकामना व्यक्त गर्दछु । तपाईंहरूको उपलब्धिले हामी सबैलाई गर्व र प्रेरणा प्रदान गर्दै आएको हामीले महसुस गरेका छौँ ।

पोखरा विश्वविद्यालय नेपालको एक प्रमुख शैक्षिक संस्था हो, जसले देशभरका विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गर्दै आएको छ । विश्वविद्यालयले उन्नाइसौँ दीक्षान्तसम्ममा विभिन्न तह र विषयमा करिब ६३,५५८ भन्दा बढी विद्यार्थीहरूलाई दीक्षित गरी कर्मक्षेत्रमा पठाएको छ, जसले यस विश्वविद्यालयलाई एउटा विशिष्ट पहिचान र गौरव प्रदान गरेको छ । आजको २० औँ दीक्षान्त समारोहमा २०८१ सालको माघ महिनाको २३

गतेसम्म ट्रान्स्क्रिप्ट लिएका कुल ७,८७२ जना विद्यार्थीहरू दीक्षित हुन गइरहेका छन्, जसले विश्वविद्यालयको शैक्षिक उत्कृष्टता र विद्यार्थीहरूको उपलब्धिलाई प्रमाणित गरेको छ ।

पोखरा विश्वविद्यालयले आंगिक, संयुक्त आंगिक र सम्बन्धनप्राप्त महाविद्यालयहरू मार्फत मुलुकभर आफ्ना शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ साथै आर्थिक रूपले कमजोर वर्गका विद्यार्थीहरूलाई पनि उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरू विस्तार गर्दै आएको छ । यस विश्वविद्यालयले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र उत्तर हिमालदेखि दक्षिण तराईसम्मका विभिन्न क्षेत्रमा आफ्ना कार्यक्रमहरू विस्तार गर्नुपर्छ भन्ने दृढ मान्यता राखेको छ । विश्वविद्यालयका ६५ महाविद्यालयहरूमा स्नातक, स्नातकोत्तर, एम.फिल र विद्यावारिधि तहका कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । हाल विश्वविद्यालयमा ६८ कार्यक्रमहरूमा करिब ४० हजार विद्यार्थी अध्ययनरत छन् । हालका वर्षहरुमा विश्वविद्यालयले शैक्षिक क्यालेण्डर अनुसार विद्यार्थी भर्ना, पठनपाठन, परीक्षा सञ्चालन र दीक्षान्त समारोह नियमित गरेको छ । यो महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण प्राध्यापक, कर्मचारी, विद्यार्थी तथा अभिभावकज्यूहरु प्रति यस अवसरमा हार्दिक धन्यवाद दिन चाहन्छु । पोखरा विश्वविद्यालयले नेपालको उच्च शिक्षाका क्षेत्रमा महत्त्वपूर्ण योगदान गर्दै आएको छ र यसले विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरी राष्ट्र निर्माणमा सहयोग पुऱ्याउँदै आएको छ । यसले अवलम्बन गरेका अग्रगामी दृष्टिकोण र तदनुरूपका विविध शैक्षिक कार्यक्रमहरूबाट यो संस्था नेपालको अग्रणी शैक्षिक संस्थाका रूपमा स्थापित भएको छ । यस गरिमामय समारोहमा नेपालको उच्च शिक्षाका क्षेत्रमा विश्वविद्यालयले पुऱ्याएको महत्त्वपूर्ण योगदान र विस्तारित भूमिकाका बारेमा यहाँहरू सबैमा जानकारी होओस् भन्ने कुराप्रति म सचेत छु र यसलाई मैले आफ्नो कर्तव्य पनि ठानेको छु ।

पोखरा विश्वविद्यालय हामी सबैको गौरवपूर्ण साझा सम्पत्ति हो । यसले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरू समयानुकूल, गतिशील र बहुआयामिक छन् । यसले सञ्चालन गरेका कार्यक्रम व्यवहारिक, उत्पादनमूलक र रोजगारमुखी छन् । यस विश्वविद्यालयले मुलुकको सर्वाङ्गीण विकासका लागि आवश्यक सिपयुक्त र दक्ष जनशक्तिको आपूर्ति गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । यसले उच्च शिक्षा प्राप्त विद्यार्थीहरूलाई स्वदेश र विदेशमा कुनै पनि क्षेत्रका लागि योग्य बनाएको छ ।

आजको यस पावन अवसरमा उच्च शिक्षाका विभिन्न विधामा उत्कृष्ट नतिजा हासिल गर्नुभएका तपाईं विद्यार्थी भाइबहिनीहरूका अगाडि गर्वसाथ सम्बोधन गर्न पाउँदा मलाई अत्यन्तै हर्षानुभूति र गौरवको महसुस भएको छ ।

**दीक्षित हुनुहुने प्रिय विद्यार्थीहरू,**

नेपालमा बढ्दो विद्यार्थी पलायन र सीमित रोजगारीका अवसरहरूलाई ध्यानमा राखी पोखरा विश्वविद्यालयले गुणस्तरीय शिक्षा, अनुसन्धान र नवीन उद्यमशीलताको प्रवर्द्धन गर्दै स्वदेशमै उज्ज्वल भविष्य निर्माण गर्न विद्यार्थीहरूलाई प्रेरित गरिरहेको छ । दक्ष जनशक्ति उत्पादन गरी उद्योग, प्रविधि, कृषि, पर्यटन तथा अन्य क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गर्नु हाम्रो प्राथमिकता हो । विश्वविद्यालयले व्यवहारिक शिक्षालाई प्रवर्धन गर्दै पाठ्यक्रमलाई उद्योगसम्बद्ध बनाउने, इन्टर्नसिप तथा परियोजना-आधारित सिकाइलाई जोड दिने र उद्यमशीलता सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई अघि बढाइरहेको छ । यसका साथै साना तथा मझौला उद्यम स्थापनाका लागि आवश्यक ज्ञान, सिप र सहयोग प्रदान गर्दै विद्यार्थीहरूलाई स्वरोजगारीतर्फ प्रेरित गरिएको छ । यी प्रयासहरू विद्यार्थी पलायन न्यूनीकरण गर्दै स्वदेशमै रोजगारीका सम्भावनाहरू सिर्जना गर्ने लक्ष्यसहित अघि बढिरहेका हुनाले यसमा विश्वविद्यालय, सरकार, उद्योग र विद्यार्थीहरूहरूबिचको सहकार्य अपरिहार्य हुनुपर्छ भन्ने मलाई लाग्दछ ।

आजको प्रतिस्पर्धात्मक युगमा नवीन सोच, सिर्जनशीलता र प्रविधिको प्रभावकारी प्रयोग अति आवश्यक छ । तपाईंहरूले यहाँबाट प्राप्त गरेको ज्ञान, सिप र अनुभवको प्रयोग गरी नेपालको सामाजिक, आर्थिक, औद्योगिक, शैक्षिक र सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान दिन सक्षम हुनुहुनेछ भन्नेमा म पूर्णतः विश्वस्त छु । व्यवस्थापन, सूचना प्रविधि, पर्यटन, समाजशास्त्र जस्ता विविध क्षेत्रमा तपाईंहरूको भूमिकाले राष्ट्रिय प्रगतिलाई नयाँ उचाइमा पुर्‍याउने छ । साथै अन्तर्राष्ट्रिय सम्बन्धहरूको उपयोग गर्दै अनुसन्धान, छात्रवृत्ति र सहकार्यका अवसरहरूबाट विश्वस्तरीय अनुभव हासिल गर्ने अवसर पनि तपाईंहरूलाई प्राप्त हुने छ । यी अवसरहरूको सही उपयोग गर्दै तपाईंहरूले आफ्नो पेसागत दक्षता, वृत्तिविकास र व्यक्तित्वलाई प्रभावकारी बनाउनुका साथै नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न सक्नुहुनेछ । आजको यस पावन अवसरमा समाजका विविध र बहुआयामिक क्षेत्रमा नेतृत्व गर्दै अनि सामाजिक उत्तरदायित्वसमेत वहन गर्दै र 'समृद्ध नेपाल, सुखी नेपाली' को परिकल्पनालाई साकार पार्दै अघि बढ्न हौसला र प्रेरणा मिलोस् भनी म तपाईंहरूको उज्ज्वल भविष्यका लागि फेरि पनि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**उपाधि प्राप्त गर्ने योग्यता हासिल गर्नुभएका विद्यार्थीहरू,**

पोखरा विश्वविद्यालयबाट बार्षिक १६ सय भन्दा बढी विद्यार्थीले पूर्ण छात्रवृत्तिको अवसर प्राप्त गरेका छन् । विश्वविद्यालयले प्रदान गर्ने छात्रवृत्ति अन्य शैक्षिक संस्थाहरूको भन्दा विशिष्ट र अनुकरणीय रहेको छ । यसले विद्यार्थीहरूको उच्च शिक्षाप्रतिको सपनालाई साकार बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ साथै समाजका पिछडिएका वर्गलाई समतामूलक रूपमा अवसर प्रदान गर्दै राष्ट्रिय विकासमा योगदान पुऱ्याएको छ। यस छात्रवृत्तिले विद्यार्थीलाई शिक्षित मात्र होइन, सशक्त, दक्ष र आत्मविश्वासी पनि बनाएको छ। पोखरा विश्वविद्यालयको यस कार्यक्रमले सरकारको उच्च शिक्षा नीति र अवधारणालाई मूर्तीकरण गर्न महत्त्वपूर्ण टेवासमेत पुऱ्याएको छ । स्वास्थ्य विज्ञानसम्बन्धी अध्ययन तथा अनुसन्धानलाई उच्च प्राथमिकतामा राख्दै पोखरा विश्वविद्यालय शिक्षण अस्पताल २०७९ भदौ २२ गतेदेखि सञ्चालनमा आएको हो, जसले बहिरङ्ग सेवा र ५० भन्दा बढी प्रयोगशाला परीक्षणहरू सेवाहरु प्रदान गर्दै विश्वविद्यालयको प्रतिष्ठा बढाउनुका साथै स्थानीय समाजलाई ठुलो राहत पुऱ्याइरहेको छ । यस अस्पतालले थप गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै यस विश्वविद्यालयलाई चिकित्सा शिक्षा क्षेत्रको समेत उत्कृष्टताको केन्द्रका रूपमा अघि बढाउने विश्वास लिइएको छ।

समसामयिक अनुसन्धान तथा नवीनतम ज्ञानको सिर्जना गर्नु विश्वविद्यालयहरूको अपरिहार्य दायित्व र आवश्यकता हो । यही मूल मन्त्रलाई मध्यनजर गर्दै पोखरा विश्वविद्यालयले आफ्ना पाठ्यक्रमहरूलाई समय सापेक्ष परिमार्जन गर्दै व्यवसायिक एवम् अनुसन्धानमुखी बनाउँदै लगेको छ । विशेष गरी स्नातकोत्तर र विद्यावारिधिका पाठ्यक्रमहरूलाई नवप्रवर्तन तथा अन्वेषणमुखी अनुसन्धानसित जोड्दै उद्यमशीलता एवम् स्वरोजगार प्रबर्धनमा सहयोगी हुने गरी पुनरावलोकन गर्दै लगेको छौं । यस विश्वविद्यालय मातहत सञ्चालित सबै ६५ वटा महाविद्यालयहरूलाई विशिष्ट अनुसन्धान तथा नवप्रवर्तनको केन्द्रका रूपमा विकास गर्ने रणनैतिक तयारी भइसकेको विषय सुनाउन पाउँदा हर्षित भएको छु।

पोखरा विश्वविद्यालयले नेपाल सरकार स्वदेश तथा विदेशस्थित विभिन्न विश्वविद्यालय तथा अनुसन्धान संस्थाहरूसित सहकार्य गर्दै आइरहेको छ । साथै विभिन्न दातृ निकायहरूको सहयोगमा एशिया, यूरोप लगायत विश्वका विभिन्न विश्वविद्यालयहरूसित सहकार्य गर्दै अन्तर्राष्टिय परियोजनाहरू सञ्चालन गर्दै आइरहेको विषय यस सम्मानित समारोहमा सुनाउन पाउँदा हर्षित छु। गुणस्तरीय शिक्षा प्रदान गर्न उच्च दक्ष शिक्षकको अपरिहार्यतालाई आत्मसात गर्दै प्राध्यापकहरूको पेशागत क्षमता अभिवृद्धि गर्न पोखरा

विश्वविद्यालयले आफ्नै स्रोत परिचालन गर्दै विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा विभिन्न क्षमता अभिवृद्धिसम्बन्धी कार्यहरू गर्दै आइरहेको छ । यसका साथै अध्ययन, अनुसन्धान, अध्यापन र रोजगारीका सिलसिलामा विभिन्न देशका प्रतिष्ठित विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा अन्य संस्थाहरूमा कार्यरत उच्च दक्ष जनशक्तिलाई पोखरा विश्वविद्यालयसित आबद्ध गरी अध्यापन एवम् अनुसन्धानमा सहकार्य गर्ने गरी रणनैतिक कार्य योजनाको तयारी गर्दै गरेका छौं, जसले गर्दा Brain Gain को सिलसिला सुरू हुने विश्वास लिएको छु ।

आजको यस गरिमामय समारोहमा विद्यावारिधि अध्ययन सम्पन्न गरेका २ जना विद्यार्थीलाई कुलपति विद्यावारिधि पदक प्रदान गरिनेछ । स्नातकोत्तर तहमा सर्वोत्कृष्ट नतिजा हासिल गर्ने २७ जना विद्यार्थीलाई कुलपति पदक र स्नातक तहमा सर्वोत्कृष्ट विद्यार्थीलाई उपकुलपति पदक प्रदान गरिनेछ । व्यवसाय प्रशासनमा सर्वोत्कृष्ट विद्यार्थीलाई **'लक्ष्मी स्वर्ण विद्या पदक-२०८१'** प्रदान गरिनेछ । विज्ञान तथा प्रविधि सङ्कायअन्तर्गत बिसिए कार्यक्रममा सर्वोत्कृष्ट विद्यार्थीलाई OCEM Gold Medal-2081 प्रदान गरिनेछ । यस अवसरमा विद्यार्थीहरूलाई उत्प्रेरित गर्ने लक्ष्मी हाउस, पोखरा र अक्सफोर्ड कलेज अफ इन्जिनियरिङ एन्ड म्यानेजमेन्ट, पूर्वी नवलपरासी प्रति आभार व्यक्त गर्दै, पदक प्राप्त गर्ने सबैलाई बधाई तथा शुभकामना दिन चाहन्छु ।

**आज उपाधि प्राप्त गर्नुहुने विद्यार्थी भाइबहिनीहरू,**

शिक्षा मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण आधारशिला हो । यसले हामीलाई चेतना दिन्छ, जसले गर्दा हामी संसारलाई वास्तविक रूपमा बुझ्न, हेर्न र अनुभव गर्न सक्षम हुन्छौं । शिक्षाविना मानव जीवन अधुरो रहन्छ । त्यसैले शिक्षालाई मानवताको आधार मानिन्छ । शिक्षाले केवल व्यक्तिगत विकासका साथै सिङ्गो समाजलाई विकसित, समुन्नत र सभ्य बनाउँछ र राष्ट्रलाई प्रगतिको मार्गमा अगाडि बढाउँछ । कुनै पनि देशको समृद्धि शिक्षित र दक्ष जनशक्तिमै निर्भर गर्दछ ।

आज तपाईंहरूले उच्च शिक्षा हासिल गरी सैद्धान्तिक ज्ञान आर्जन गर्नुभएको छ । अब यस ज्ञानलाई व्यवहारमा उतार्ने जिम्मेवारी तपाईंहरूमा छ । तपाईंहरू राष्ट्रको अमूल्य निधि हुनुहुन्छ र तपाईंहरूको कर्तव्यनिष्ठा तथा इमानदारीताले नै देशलाई अघि बढाउन सक्दछ । यस ऐतिहासिक क्षणमा तपाईंहरूले आफ्नो ज्ञान, सिप र अनुसन्धानलाई राष्ट्र निर्माणका लागि समर्पित गर्ने दृढ सङ्कल्प गर्नुहुनेछ भन्नेमा पूर्ण विश्वस्त छु ।

समय बहुमूल्य छ र यसको सदुपयोग नै सफल जीवनको आधार हो । आज तपाईंहरू दीक्षान्त पोशाकमा सजिएर ऐतिहासिक उत्सव मनाइरहनुभएको छ । यो क्षण तपाईंहरूका जीवनको एक महत्त्वपूर्ण उपलब्धि हो । यस

अवसरमा तपाईंहरूले आफ्नो देशप्रति इमान्दार र कर्तव्यपरायण भएर अघि बढ्ने सङ्कल्प लिनुभएको छ । यो सङ्कल्प केवल शब्दमा सीमित हुनु हुँदैन, बरु यो त कर्ममा अनुवाद भएर तपाईंहरूको आफ्नो र सिङ्गो राष्ट्रको थप सुखद र उज्यालो भविष्य निर्माणका लागि मार्गदर्शक बन्नुपर्छ भन्ने विश्वास लिएको छु ।

तपाईंहरू आफ्नो कठोर परिश्रम, लगनशीलता र समर्पणको परिणामस्वरूप यो उपाधि प्राप्त गर्न सफल हुनुभएको छ । यसका लागि हामी सबै हर्षित छौँ र गौरवान्वित पनि छौँ । तर शिक्षाको मूल उद्देश्य केवल व्यक्तिगत उन्नति होइन, समाज र राष्ट्रको प्रगतिमा योगदान दिनु पनि हो भन्ने कुरा तपाईंहरूले बुझ्नु आवश्यक छ ।

आजबाट तपाईंहरूले पेशागत जीवनको नयाँ अध्याय सुरु गर्दै हुनुहुन्छ । यो यात्रा चुनौतीपूर्ण अवश्य छ, तर अपार सम्भावनाहरूले भरिएको छ । आफूले आर्जन गरेको ज्ञान, सिप र सृजनात्मकतालाई सही दिशामा लगाएर अगि बढ्नुहोस् । तपाईंहरूको हरेक प्रयासले देशलाई नयाँ ऊर्जा दिन सक्छ र समाजलाई प्रगतिको मार्गमा अगि बढाउन सक्छ ।

हामी के विश्वास गर्छौं भने तपाईंहरूले आफ्नो व्यवसायिक जीवनमा उत्कृष्टता हासिल गर्नुहुनेछ र पोखरा विश्वविद्यालयबाट दीक्षित जिम्मेवार नागरिकका रूपमा समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेल्नुहुनेछ । यस्तो सफल र प्रेरणादायी जीवनयात्राको शुभकामनासहित पुनः एक पटक तपाईंहरू सबैलाई हार्दिक बधाई दिन चाहन्छु ।

अन्त्यमा आज दीक्षित हुनुहुने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरू र तपाईहरूका अभिभावकज्यूहरूलाई २० औं दीक्षान्त समारोहको यस अवसरमा पुनः बधाई दिन चाहन्छु । यस गरिमामय समारोहमा उपस्थित हुनुभई समारोहको गौरव बनिदिनुभएका सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यू, प्रमुख अतिथिज्यू, गण्डकी विश्वविद्यालयका उपकुलपतिज्यू, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिज्यू, अभिभावकज्यूहरू, अन्य विशिष्ट अतिथिज्यूहरू, पत्रकारज्यूहरू, सुरक्षा निकायका मित्रहरू र उपस्थित सम्पूर्ण महानुभावहरूलाई पोखरा विश्वविद्यालय परिवार र मेरो व्यक्तिगत तर्फबाट फेरि एक पटक उच्च सम्मान र अभिवादनसहित हृदयतः स्वागत ज्ञापन गर्दछु ।

धन्यवाद ।

२०८१ फागुन ८ गते बिहीबार ।